स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अहिलेको समयका सर्वाधिक महँगा अभिनेताको सूचीमा "टप थ्री"भित्र पर्ने नाम हो, विपिन कार्की। उनले केही वर्षयता प्रतिफिल्म ५० लाखमाथि पारिश्रमिक बुझ्ने गरेको चर्चा छ। २०७१ सालमा प्रदर्शन भएको फिल्म "तेल भिसा"का निर्माताले उनलाई ५० लाख पारिश्रमिक दिएको खुलासा नै गरेका थिए। त्यसयता पनि उनले त्योभन्दा कममा कमै फिल्म खेलेका छन्। फिल्मले बक्स अफिसमा अपेक्षित प्रदर्शन गर्न भने सकेका छैनन्।

आजको विचार...



समस्यान्मूख... (दुई पेजमा)

दुर्गाप्रसाद अर्याल

विश्व सम्पदा सूचीमा सूचीकृत तथा हिन्दु धर्मावलम्बीहरुको आस्थाको केन्द्र मानिने पशुपतिनाथ मन्दिरमा हुने साँझको आरतीका क्रममा फिल्म प्रचार गरिएको भन्दै अहिले सामाजिक सञ्जालमा व्यापक आलोचन सुरु भएको छ असार १ गते सोमवार पुरुषोत्तम महिनाको अन्तिम दिन तथा औशीको अवसर पारेर आयोजित "आई एम जित बहादुर" सामाजिक सञ्जालबाट असन्तुष्टि पोखिरहेका छन्। मुख्य कलाकार जितु नेपाल, प्रियङ्का कार्की, वर्षा राउत लगायत पशुपतिनाथ मन्दिर पुगेका थिए।



❐ वर्ष ३१ ❐ अंक ३२० ❐ २०८३ असार ४ गते बिहीबार 18 June 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पामा एकै महिनामा ३१ मुद्दा दर्ता, १९ प्रतिवादी पक्राउ

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ ३/ पाल्पामा एकै महिनामा ३१ वटा विभिन्न प्रकारका अपराधका मुद्दा दर्ता भएका छन् । तीमध्ये भवितव्य ज्यान सम्बन्धी १०, आत्महत्या सम्बन्धी ९, लागुऔषध सम्बन्धी २, चोरी सम्बन्धी ३, अभद्र व्यवहार सम्बन्धी ३, ज्यान सम्बन्धी २ र फुटकर ज्यान सम्बन्धी २ वटा मुद्दा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए । जसमध्ये १० वटा मुद्धा फस्यौट भएका छन् । यो जेठ महिनाको तथ्याङ्क हो ।

यस अवधिमा चालु मुद्दाका १९ जना प्रतिवादीलाई पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक भट्टराईद्वारा जारी विज्ञप्तिमा भनिएको छ । जसमा ६ महिला र १३ पुरुष रहेका छन् । लागुऔषध मुद्धाका ६, चोरी



सम्बन्धी मुद्धाका ५, ठगी सम्बन्धीका १, बैंकिङ् कसुर सम्बन्धीका १, अभद्र व्यहार सम्बन्धीका ६ जना प्रतिवादी पक्राउ परेका हुन् । सार्वजनिक चासोका पेण्डिङ्ग मुद्धाका १३ वटा २ वर्षे मुद्दा फर्स्योट गरिएको छ । यस्तै अदालतको फैसला कार्यान्वयनको क्रममा विभिन्न मुद्दामा फरार रहेका ३ जनालाई पक्राउ गरी उनीहरूबाट एक महिना बराबरको कैद सजाय कार्यान्वयन गरिएको छ भने ४३ लाख ८१ हजार ८ सय ३ रुपैयाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ । लागूऔषध नियन्त्रणको क्रममा जेठ महिनामा ३ सय ६० ग्राम गाँजा बरामद गरिएको जानकारी गराइएको छ । यस्तै सवारी दुर्घटना ७ वटा हुँदा ११ जना घाइते भएका छन् । ट्राफिक नियम उल्लंघन गर्ने ४ सय ९७ सवारी साधनमाथि कारबाही गरी ५ लाख ३६ हजार राजस्व संकलन गरिएको छ । दुर्घटनाका प्रमुख कारणमा तीव्र गति, मादक पदार्थ सेवन गरी सवारी चलाउनु तथा ट्राफिक अनुशासनको कमी रहेको विश्लेषण गरिएको छ । यस्तै हराएका १७ जना मध्ये १३ जना फेला परेका छन् । जस मध्ये महिला ४ जना, पुरुष ६ जना, बालक १, बालिका २ जना रहेका छन् । ४ जनाको खोजी भइरहेको प्रहरीले जनाएको छ । एक महिनाको अवधिमा ४ वटा घरेलु हिंसाको मुद्धा दर्ता भएका छन् । जसमा २ वटाको मिलापत्र गरिएको छ भने १ वटा अदालत पठाइएको छ । लागुऔषध नियन्त्रण, आत्महत्या न्यूनीकरण, महिला हिंसा, बालविवाह, आइबर अपराध, ट्राफिक चेतना लगायतसम्बन्धी समुदाय-विद्यालय कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ । जेठ महिनामा ६८ वटा समुदाय-विद्यालय केन्द्रित कार्यक्रम सञ्चालन गरिएको छ । जसबाट २ हजार ४ सय ९७ जना लाभन्वित भएका छन् ।

## सक्षिप्त समाचार

### पूर्वी प्रशान्त महासागरमा आक्रमण एकको मृत्यु

(रासस/एएफपी)

**वासिङ्टन,** असार ३/अमेरिकी सैन्य अधिकारीहरूले पूर्वी प्रशान्त महासागरमा मंगलबार एउटा डुङ्गामा आक्रमण गर्दा एक जना व्यक्तिको मृत्यु भएको बताएका छन् । आक्रमण गत सेप्टेम्बरमा राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनमा संयुक्त राज्य अमेरिका ल्याटिन अमेरिकाबाट सञ्चालित लागु-औषध तस्कर नियन्त्रण गर्न सुरु गरिएको सैन्य अपरेसन 'साउदर्न स्पियर' को एक भाग भएको जनाइएको छ । 'गुप्तचरले उक्त डुङ्गा पूर्वी प्रशान्तमा नार्को-तस्करी मार्गहरूमा पारगमन गरिरहेको र नार्को-तस्करी अपरेसनमा संलग्न रहेको पुष्टि गरेको युएस साउदर्न कमान्ड (साउथकम) ले सामाजिक सञ्जाल एक्स मार्फत जनाएको छ । आक्रमणमा परी दुई जना मानिसहरू घाइते भएको जनाइएको छ, भने अमेरिकी तट-रक्षकले उनीहरुको खोजी तथा उद्धार अभियान सुरु गरेको साउथकमले जनाएको छ । क्यारिबियन सागर र पूर्वी प्रशान्त महासागरमा 'साउदर्न स्पियर' आक्रमण क्रममा २०० जना भन्दा बढी मानिसको मृत्यु भएको एएफपीले जनाएको छ । कानुनी विज्ञहरू र अधिकार समूहहरूले संयुक्त राज्य अमेरिकाका लागि तत्काल खतरा नगर्ने नागरिकहरूलाई लक्षित गरी गरिएका आक्रमणहरु गैरन्यायिक आक्रमण हुने जनाएका छन् ।

## सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

-सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुर्‍याऔं,

-सार्वजनिक स्थलमा सरसफाइ गरौं,

-सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,

-ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,

-अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

-जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## निजी लगानीमा क्रिकेट पूर्वाधार फस्टाउँदै, सरकारी रङ्गशाला अझै अधुरो

**सिद्धार्थनगर (भैरहवा),** असार ३/ रुपन्देहीमा क्रिकेट खेलको लोकप्रियता र पूर्वाधार विस्तार तीव्रगतिमा अघि बढिरहेका बेला निजी क्षेत्रको सक्रियताले नयाँ आयाम थपेको छ । निजी लगानीमा अन्तरराष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण सम्पन्न हुने चरणमा पुग्दा सरकारी स्वामित्वको सिद्धार्थ क्रिकेट रङ्गशाला भने बजेट अभाव र सुस्त कार्यान्वयनका कारण अझै पूर्ण हुनसकेको छैन ।

तिलोत्तमा नगरपालिका-१७ पूर्वदरखसवामा अष्ट्रेलियामा व्यवसाय गर्दै आएका विनोद कुँवरको लगानीमा करिब ६० करोड लागतमा एक्स्ट्राटेक ओभल क्रिकेट मैदान निर्माण गरिएको हो । छ बिघा क्षेत्रफलमा फैलिएको उक्त रङ्गशालामा खेलाडी ड्रेसिङ रुम, मिडिया बक्स, भिआइपी बक्सलगायतका संरचना निर्माण भइरहेका छन् । नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान तथा रङ्गशालाका ब्राण्ड एम्बेसडर शक्ति



गौचनका अनुसार मैदान राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन गर्न तयार भइसकेको छ भने अन्य पूर्वाधार विस्तारको काम जारी छ । हाल दुईदेखि तीन हजार दर्शक अट्ने क्षमता रहेको रङ्गशालालाई आगामी दिनमा १५ देखि २० हजार दर्शक क्षमतामा विस्तार गर्ने योजना रहेको छ । रङ्गशालासँगै आवासीय सुविधासहितको क्रिकेट एकेडेमी सञ्चालन गरी दक्ष खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## प्रादेशिक बजेट कार्यान्वयन होस्

सातै प्रदेशका प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट ल्याएका छन् । प्रत्येक वर्ष असार १ गते आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) प्रदेशसभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था छ । सोही प्रावधान अनुसार प्रदेश सरकार बजेट गत सोमबार बजेट ल्याएका हुन् । संघबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट, प्रदेशमा उठ्ने राजस्व र चालु आर्थिक वर्षको खर्च हुन नसकी बचत भएको बाँकी रकमको आधारमा प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याएका छन् । कतिपय क्षेत्रमा संयमित र कतिपय क्षेत्रमा बहकिएको अनुभूति गर्न सकिने गरी सातै प्रदेशका सरकारले बजेट वक्तव्य सार्वजनिक गरेका छन् । खर्च घटाउने, बजेटको आकारलाई तुलनात्मक रूपमा व्यावहारिक दायराभित्र राख्ने तथा प्रदेशवासीको जीवनस्तर उकास्न सहयोग पुऱ्याउने कार्यक्रमलाई बजेटमा प्राथमिकता दिइएको पाइन्छ । विगतमा भन्दा यस पटक फरक स्थिति के छ भने, संघ र प्रदेशहरूमा फरक–फरक पार्टीका सरकार छन् । यो अवस्थालाई अप्ठ्यारोका रूपमा नभई फरक वैचारिक मान्यता र नीतिगत प्राथमिकताबीच सहकार्य गर्ने अवसरका रूपमा हेर्न सकिन्छ । अर्कोतर्फ, स्रोतको विश्वसनीय आधार प्रस्तुत गर्न नसकेको ठूलो आकार, संघीय सरकारकै बजेटको नक्कल तथा ठूला पूर्वाधारप्रति रुचि राखिएको पनि देखिन्छ । यसको सफलता त्यतिबेला मात्रै सुनिश्चित हुन्छ, जब नागरिकले आफ्नो जीवनस्तरमा सुधारको अनुभूति गर्न सक्छन् । यसर्थ, प्रदेश सरकारले बजेटमा नागरिकको जीवनस्तर सुधार गर्न, उनीहरूलाई अवसर दिलाउन र विकासको लाभ अनुभूत गर्न लक्षित गरेका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सक्नुपर्छ ।

समग्रमा प्रदेशसरकारहरुको बजेट फड्को मार्ने प्रकृतिको नभई प्रायः पुराना कार्यक्रमलाई निरन्तरता दिएर र केही सुधारसहितका नयाँ कार्यक्रम थपेर ल्याइएको छ । बजेटले सबै क्षेत्र समेट्ने प्रयास गरे पनि योजना कार्यान्वयन प्रमुख कुरा हो । बजेटमा समेटिने तर कार्यान्वयन नहुने पुरानो रोग अब देखिनु हुँदैन । कम्तिमा पनि विकास बजेट समयमै र गुणस्तरीय ढंगले पूर्ण रूपमा खर्च भयो भने मात्र नागरिकले पनि सन्तोषको सास फेर्नेछन् । यसर्थ प्रदेश सरकारले ल्याएको बजेट नीति तथा कार्यक्रमलाई आशंकाको घेरामा नराखी पारदर्शी ढङ्गले कार्यान्वयन गर्नेतर्फ ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

भाग्य छ भन्दैमा घमण्ड नगर
जब दैब लाग्छ नि तब बर्षात मा पनि घर जल्ने गर्छ...!
*(एलिसा हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Alisha.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समस्यान्मूख सामुदायिक विद्यालय सुधारका कदम (भाग–१)



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*आजभोली विद्यालयहरुमा पूर्वाधारहरु राम्रा बन्दै गएका छन् तर विद्यार्थी संख्या कम भएको कारण बन्द हुने अवस्था पुगेका छन् । केहि दिन अगाडि देशभरका २९३ बढी सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या ५ भन्दा कम र ८ हजार बढी विद्यालयमा ५० भन्दा कम विद्यार्थी भएको समाचार आएको थियो । यो सामुदायिक विद्यालय समस्याउन्मूख अवस्था जाँदै छन् भन्ने एक उदाहरण हो । अर्कोतिर भौतिक र जनशक्ति सम्पन्न सामुदायिक विद्यालय नजिकका संस्थागत विद्यालयमा विद्यार्थी संख्या सन्तोषजनक देखिन्छ । यो अंग्रेजी शिक्षाप्रतिको अभिभावकको आकर्षणको कारण हो । अभिभावकको मनोवृत्ति बुझी सामुदायिक विद्यालयमा जर्बजस्त सञ्चालन गरिएको अंग्रेजी शिक्षालाई प्रभावकारी बनाउन र अभिभावकलाई सन्तुष्टि दिन सकिएको छैन की आभाष भएको छ । धेरै सामुदायिक विद्यालयमा सञ्चालन गरिएको अंग्रेजी शिक्षा विद्यालय सुधारको उपयुक्त विधि बन्न सकेको देखिदैन् ।*

शिक्षालाई सहज र सर्वसुलभ बनाउने सामुदायिक विद्यालयलाई परिर्वतित समयले भावनात्मकरुपमा दुई भागमा विभाजन गरे जस्तै भएको छ आजभोली । केहि विद्यालय सुविधा सम्पन्न र विद्यार्थी अभिभावकको आकर्षणको केन्द्रका रुपमा रुपान्तरण हुँदै गएका छन् भने केहि विद्यालय यसको विपरित दयनिय र ह्रासउन्मूख अवस्थामा रहेका देखिन्छन् । असमानुपातिक विकास, बसाइँसराई प्रर्दशन प्रभाव, प्रविधिमैत्री शिक्षा भौगोलिक बनोट, अभिभावको सक्रियता जस्ता पक्षहरुले सहयोग पुऱ्याएको छ । उल्लेखित पक्षहरु स्थायी र विद्यालय सुधारका बाधक भने पक्कै होईनन् यी सबै परिवर्तनशिल छन् । गाँउ रहे समाज रहन्छ ,समाज रहे विद्यालय भन्ने भावना विकास गराउँदै बसाईसराई नियन्त्रण र गाँउमै अवसर सिर्जना गर्न सके केहि सामुदायिक विद्यालयमा देखिएको समस्या समाधान गर्न सकिने प्रसस्त सम्भावनाहरु भने नभएका होइनन् । यसका लागि सरकार, अभिभावक व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक लगायतका सरोकारवाला निकायहरुको सहकार्य र एकता अनिवार्य देखिन्छ ।

पछिल्लो समय अभ्यास भएको राज्यको संरचनाले देशका ग्रामिण क्षेत्रहरुमा राज्यको उपस्थिती बढाउदै लगेको छ । विकासका गतिबिधि पनि सञ्चालन भैरहेका छन् तर यसको विपरित एकातिर गाउँका घरहरु सुनसान हुँदै गएका छन् । यसको कारण बनेको छ विकास हुँदै गएको तिब्र बसाईसराईको प्रवृत्ति । यसको ठूलो असर परेको छ ग्रामिण क्षेत्रका विद्यालयहरुलाई । आजभोली विद्यालयहरुमा पूर्वाधारहरु राम्रा बन्दै गएका छन् तर विद्यार्थी संख्या कम भएको कारण बन्द हुने अवस्था पुगेका छन् । केहि दिन अगाडि देशभरका २९३ बढी सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या ५ भन्दा कम र ८ हजार बढी विद्यालयमा ५० भन्दा कम विद्यार्थी भएको समाचार आएको थियो । तथ्याङ विश्लेषण गर्दा यस्ता धेरै विद्यालय देशका ग्रामीण क्षेत्रमा रहेको देखिन्छ । यो सामुदायिक विद्यालय समस्याउन्मूख अवस्था जाँदै छन् भन्ने एक उदाहरण हो ।

अर्कोतिर भौतिक र जनशक्ति सम्पन्न सामुदायिक विद्यालय नजिकका संस्थागत विद्यालयमा विद्यार्थी संख्या सन्तोषजनक देखिन्छ । यो अंग्रेजी शिक्षाप्रतिको अभिभावकको आकर्षणको कारण हो । अभिभावकको मनोवृत्ति बुझी सामुदायिक विद्यालयमा जर्बजस्त सञ्चालन गरिएको अंग्रेजी शिक्षालाई प्रभावकारी बनाउन र अभिभावकलाई सन्तुष्टि दिन सकिएको छैन की आभाष भएको छ । धेरै सामुदायिक विद्यालयमा सञ्चालन गरिएको अंग्रेजी शिक्षा विद्यालय सुधारको उपयुक्त विधि बन्न सकेको देखिदैन् । यसका साथै पहुँच अभावका कारण विद्यालयहरुलाई समय अनुकुलको प्रविधिमैत्री बनाउन सकिएको देखिदैन् । धेरै विद्यालयमा अहिले पनि विषय शिक्षक तथा शिक्षक दरबन्दीको अभाव छ । गाउँ घरमै सिंहदरबार मानिएको स्थानीय तहको सामुदायिक विद्यालय सुधारमा प्रभावकारी उपस्थिती देखिएको छैन् । केहि स्थानीय तह बाहेक अधिकांश भने सरकारबाट प्राप्त राज्यको स्रोत साधन बाडँफाँड र केहि शिक्षक प्रशिक्षणका कार्यक्रममै सिमित भएको देखिन्छ ।

**समस्याको मुख्य कारण :**

परिवर्तीत समय अनुसार विकास हुँदै गएका घटनाक्रम, चाहना र विश्व व्यापपिकरणको प्रभावले शिक्षा क्षेत्रलाई पनि अछुतो राख्न सकेन् । यसको परिणाम बन्यो नेपालका शहरी क्षेत्रका सामुदायिक विद्यालयहरु र संस्थागत विद्यालयहरुमा थेगीनसक्नु विद्यार्थी संख्याको चाप । दुर्गम ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरु खाली हुँदै जाने अवस्था । यसका केहि मुख्य कारणहरु :

-निराशाजनक नतिजा ।
-अंग्रेजी शिक्षा प्रतिको आर्कषण ।
-प्राविधिक र प्रविधिमैत्री शिक्षाको चाहना ।
-जन्मदरमा क्रमश कमी हुँदै जानु ।
-तिव्र बसाइँसराई दर ।
-प्रर्दशन प्रभाव ।
-असमानुपातिक विकास ।
-रोजगारी तथा अबसरको अभाव ।
-राजनीतिकरण र राजनीतिक हस्तक्षेप ।

**समस्या समाधानको उपाय :**

कुनै एक पक्षको संक्रियताले मात्रै समस्या ग्रहस्थ अवस्थामा रुमलिएका सामुदायिक विद्यालयलाई सुधारको बाटोमा लाने प्रयास मूर्खता मात्र हुने कुरामा दुईमत नरहला । यसका लागि गहिरो अध्ययन अनुसन्धान मार्फत दिर्घकालिन खाकाको आबश्यकता बढ्दै गएको देखिन्छ । यसका अलावा केहि निम्न पक्षमा सुधार गर्न सकेमा बन्द वा मर्जरमा जान लागेका विद्यालयमा फेरि हरियाली ल्याउन सकिने देखिन्छ ।

**क) नीतिगत सुधार :**

केन्द्र सरकारले बनाएका नीतिगत व्यवस्था, नीतिगत अस्पष्टता र नीतिगत अभावले सार्वजनिक शिक्षालाई केहि अंशमा प्रभाव पार्ने रहेछ । यही अवस्थामा करीब दुई दशक रुमालि रहेको छ देश अनि देशको शिक्षा नीति । अनि विद्यामान ऐन नियमले देशभरको भूगोललाई समानुपातिक सम्बोधन गर्न पनि सक्दो रहेन् छ । तराई र शहरलाई मिल्ने नीतिगत व्यवस्थाले दुर्गम ग्रामीण क्षेत्रमा भने असहजता सिर्जना गर्ने कुरामा दुईमत नरहला । यसले प्रबिधिमैत्री विद्यालय बनाउने कुरामा, विद्यालय भवन निमार्णको मापदण्डमा, राज्यले बाड्ने स्रोत साधनमा तथा विद्यालयमा आबश्यक पर्ने जनशक्ति व्यबस्थापनमा प्रभाव पार्ने रहेछ । यसले समस्या थपिदो रहेछ समस्याउन्मूख विद्यालयहरुको सुधारमा । विद्यमान ऐन नियम र अब बन्ने नीतिमा सबै भूगोल र सामुदायिक विद्यालय अनुकुल बनाउन सकेमा समस्यामा रहेका सामुदायिक विद्यालयलाई सुधार गर्न सकिने देखिन्छ ।

**ख) सरकारको भूमिका :**

घर आगनमै सरकार र राज्यका अंग हुँदा हुँदै पनि जुन परिकल्पनाले यसको अभ्यास गरियो त्यही अनुसारको अपेक्षित उपलब्धी प्राप्त हुन् सकेको देखिदैन् यसको प्रभाव शिक्षा क्षेत्र र सामुदायिक विद्यालयहरुमा पनि परेको देखिन्छ । केहि स्थानीय तहहरु बाहेक धेरै स्थानीय तहहरु,राज्यका संयन्त्र कुहिरोमा रुमलिएको काग जस्तै के गर्ने ? कसो गर्ने ? अवस्थामा देखिन्छन् । यहि कारण सामुदायिक विद्यालय सुधारमा पछिल्लो समय उल्लेख्य कार्य भएको देखिदैन् । तीनै तहका सरकारको कार्य स्पष्टता सहित अघि बढ्न सकेमा समस्याउन्मूख सामुदायिक विद्यालयलाई सुधार उन्मूख दिशामा अगाडि बढाउन सकिने देखिन्छ ।

**ग) विद्यार्थी आकर्षण कार्यक्रम तय गर्ने :**

परम्पराबाट माथि उठ्न नसक्दा परिवर्तन र विकसित प्रविधिलाई आत्मसाथ गर्न नसक्दा सामुदायिक विद्यालय विद्यार्थीको आकर्षणको क्षेत्र बन्न नसकेको कुरामा दुईमत नरहला । हामी अझै पनि पुरानै र सैद्धान्तिक पाठ्यक्रम, शिक्षक केन्द्रीत विधिमै रमाई रहनु केहि सामुदायिक विद्यालय विद्यार्थी र अभिभावकको आकर्षण बन्न नसक्नुको कारण बनेको देखिन्छ । यसका लागि उपयुक्त र प्रविधिमैत्री कक्षा कोठा, आवासीय विद्यालय, एकिकृत विद्यालय, छात्रा बासको व्यवस्था, समय अनुकुलको पाठ्यक्रम र शिक्षण विधि अवलम्वन गर्न सकेमा ति केहि विद्यालयमा विद्यार्थी आकर्षण गर्न सकिने देखिन्छ ।

**घ) समुदाय/विद्यालय व्यवस्थापन समितिको सक्रियता :**

उदाहरणहरु हेर्दा निष्कर्षमा पुग्न सकिन्छ की जहाँ समुदाय सक्रिय छ, जागरुक छ, सोहि अनुसार विद्यालय व्यवस्थापन समिति बनेको छ त्यहाँका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर देशमै अब्बल छ । जहाँ समुदाय निष्क्रिय छ, विद्यालय प्रति वेखवर छ, कर्मकाण्डी विद्यालय व्यवस्थापन समिति छ ति विद्यालयहरुको शैक्षिक गुणस्तर दयनिय छ, अभिभावक र विद्यार्थीको आकर्षण बन्न सकेको देखिदैन् । सामुदायिक विद्यालयमा समस्या यहि विन्दुबाट सुरु हुन्छ । समस्यामा रहेका सामुदायिक विद्यालय सुधार गर्नु छ,विद्यार्थी र अभिभावकको विश्वासको केन्द्र बनाउनु छ भने समुदायको चासो र विद्यालय व्यवस्थापन समितिको सक्रियता अनिवार्य शर्त हुनु पर्ने देखिन्छ ।

**ङ) शैक्षिक गुणस्तरमा सुधार :**

राम्रा विद्यालय भवन, दक्ष शिक्षक, सक्रिय प्रधानाध्यापक र व्यवस्थापन समिति, राम्रो विद्यालय वातावरण यी सबैं ओझेल पर्दा रहेछन् जबसम्म विद्यालयले शैक्षिक गुणस्तर सुधार गर्न सकिदैन् नतिजालाई समय अनुकुल सुधार गर्दै लैजान सकिदैन् । प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभाव र विद्यार्थीको सक्रियताबाट मात्रै शैक्षिक गुणस्तर सुधारका कदम चाल्न सकिने भएकाले यी पक्षबिच सहकार्य र समन्वय आवश्यक देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५९९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ जोश जाग्नेछ। धेरै समयदेखिको कामलाई व्यवहारमा उतार्ने अवसर जुट्नेछ। | **तुला** : एकान्तमा बसेर सोच्दा नयाँ निष्कर्ष निकाल्न सकिनेछ। मन हलुका रहनेछ। |
| **वृष** : घरको वातावरणले मनमा आनन्द थप्नेछ।कार्यक्षेत्रमा सफलता मिल्नेछ। | **वृश्चिक** : साथीभाइबाट प्रेरणादायी कुरा सुन्न पाइनेछ। दिन आशावादी रहनेछ। |
| **मिथुन** : परिस्थिति बुझेर अघि बढ्दा सहज हुनेछ। मनमा अन्योल क्रमश: हट्दै जानेछ। | **धनु** : पुरानो मेहनतको असर अहिले देखिन थाल्न सक्छ। दिन प्रभावशाली रहनेछ। |
| **कर्कट** : दिनभरि नयाँ मानिस वा नयाँ कुरासँग जोडिने अवसर मिल्न सक्छ। | **मकर** : चाहनाले दिनलाई रोचक बनाउनेछ। अनुभवले फाइदा दिलाउनेछ। |
| **सिंह** : क्षमता प्रमाणित गर्ने समय छ। अरूले नदेखेको अवसर तपाईंले चिन्न सक्नुहुनेछ। | **कुम्भ** : निर्णयमा समय दिनु राम्रो हुनेछ। संयमले सही दिशा देखाउनेछ। |
| **कन्या** : दिन उत्साहजनक रहनेछ। वरिपरिकाले तपाईंको सोचको प्रशंसा गर्न सक्छन्। | **मीन** : मनमा अपनत्व बढ्नेछ। व्यवसायमा लाभ रहनेछ। दिन सुखद रहनेछ। |




निबन्ध — रमाकान्त शर्मा

# पानीसँग बगेको जीवन

*धार्मिक मिथक अनुसार श्रवणकुमारले आफ्ना दृष्टिविहीन आमाबाबुलाई तीर्थ गराउन बोकेर हिँड्दा, उनका आँसुबाट यो खोला जन्मिएको हो भनिन्छ ।*

कसैले भन्छन्– समयको प्रवाहसँगै बग्न सक्नुपर्छ । कोही भन्छन्– वास्तविक साहसी त्यो हो, जो समयको उल्टो धारमा पौडन सक्छ। खोलाको सुसाइ र पानीको बहावसँगै बग्न त सजिलो होला, तर प्रवाहको विपरीत पौडिनु निकै कठिन छ । यो त केवल ती कुशल पौडीबाजहरूले मात्र सक्छन्, जसमा अदम्य साहस र संकल्प हुन्छ । तर, कहिलेकाहीँ म सोच्छु– नबग्दा के हुन्छ ? अनि बग्दा के हुन्छ ? पानीको स्वभाव नै बहने हो, ऊ सधैँ ओरालोतिरै लाग्छ । मान्छे बग्ने भनेको सायद समयको गतिसँगै अघि बढ्नु हो । मेरो स्मृतिमा पानीसँगका यस्ता केही यादहरू छन्, जसले मलाई मृत्युको मुखबाट फर्काए र जीवनको परिभाषा सिकाए । हाम्रो गाउँ 'लाम्सु' दुबैतर्फ खोला भएको एउटा सानो थुम्कोमा छ ।

गाउँको पुछारमा दुईवटा खोलाहरू आपसमा मिसिन्छन् । उत्तरतर्फ सपाउदे खोला र दक्षिण पश्चिम ठूलो खोला । हिउँदमा ती खोला साना हुने भएपनि वर्षाको समयमा खोलाहरूले रौद्र रूप धारण गर्छन् । तिनीहरुले निकालेको गड्गडाहट आवजले हामी लाम्सु गाउँमा बस्नेहरुको बोली समेत चर्को हुन्थ्यो । म करिब चार वर्षको हुँदाको कुरा हो । आमा घाँस काट्न ठूलो खोला पारि जान लाग्नुभएको थियो । म पनि आमाको पछि लागे छु । आमाले मलाई एक दुई पटक घरमा फर्काउनु भएछ , त्यसपछि उहाँले ठान्नु भएहोला उ घरमा नै बस्छ । तर बालकको मन आमाको सामीप्य छाड्न कहाँ मान्थ्यो र ! म भने आमा भन्दा केहि पछाडि टुकुटुकु खोलाको किनारसम्म पुगेछु । आमा हतारमा खोला तरेर पारि पुग्नुभयो, म पनि आमाकै पदचाप पछ्याउँदै पानीमा पसेँ। वर्षाको त्यो उन्मत्त भेलले मलाई एकै निमेषमा तान्दै करिब पचास मिटर तल एउटा भुमरीमा पुऱ्यायो । मृत्यु मेरो निकै नजिक थियो । तर, त्यही बेला मेरो हातले एउटा विशाल र चिल्लो ढुङ्गा समात्न पुग्यो। त्यो ढुङ्गा मेरो लागि केवल ढुङ्गा थिएन, साक्षात् सहारा थियो। पानीमा डुबिरहेको मेरो हातले ढुङ्गा छुन सक्यो । त्यसपछि अर्को हात र शरीर पनि ढुङ्गा तिरै लगें । शरीरले त्यसैको आडमा प्राण पायो। आज सोच्छु, यदि त्यो 'पहेंलो अखेटो' परेको ढुङ्गा त्यहाँ नभएको भए, मेरो जीवनको कथा त्यहीँ पूर्णविराम लाग्ने थियो । १४-१५ वर्षको उमेरमा अर्को पटक फेरि खोलाले मलाई परीक्षा लियो । पारीको खेतबाट बोकेर ल्याएको मकैको भारी खोलाको किनारमा अढ्याए । नुवाइ धुवाइ गर्न खोलामा पुगें । खोलाको तिरको एक ढुङ्गोमा बसेर मुख धुँदै गर्दा खुट्टा चिप्लियो र म फेरि भेलको चपेटामा परेँ । तीस मिटर तल पुगेपछि एउटा ओडार जस्तो ढुङ्गाले मलाई फेरि काख दियो । खोला जति कठोर छ, त्यति नै दयालु पनि रहेछ । उसले कहिले बगायो त कहिले ढुङ्गाको सहारा दिएर बचायो पनि । शिक्षा आर्जन गर्ने बाटो हाम्रा लागि कहिल्यै सहज रहेन। कक्षा ८ मा पढ्न जनता माध्यमिक विद्यालय, सर्कुवा जानु हाम्रा लागि केवल दूरी पार गर्नु मात्र थिएन, 'ठेउले खोला' सँगको दैनिक पौठेजोरी पनि थियो । हिउँदमा शान्त देखिने त्यो खोला वर्षा सुरु भएसँगै हाम्रो जीवनकै एउटा कठोर परीक्षा बनिदिन्थ्यो । असार र साउनको बिदा त घरमै बित्थ्यो, तर जेठको सुरुवातमै बादल गर्जन थाल्दा र भदौको झरीले खोला सुसाउँदा हाम्रो मनमा एउटा अज्ञात भयले डेरा जमाउँथ्यो । एउ वर्षको एक दिनको घटना अझै मानसपटलमा ताजा छ । असारको पहिलो हप्ता, दिनरातको अविरल वर्षाले खोलानाला बौलाएका थिए। तर, हाम्रो अर्धवार्षिक परीक्षा थियो– जसरी पनि पुग्नै पर्ने राङ्खानी र पैन्यूको हाम्रो ठूलै टोली झोलुङ्गे पुलको बाटो छाडेर छोटो बाटोबाटै खोला तर्ने जोखिम मोल्न तयार भयौँ। किनकि, पुलको बाटो जाँदा थप एक घण्टा लाग्थ्यो । खोला तरेपछि पनि हामी मादीको उकालोमा दौडेदा पनि एकघण्टा भन्दा कम समयमा पुग्न सम्भव थिएन । परीक्षा छुट्ने पक्का थियो । खोलामा अलि फैलिएको जगार जस्तो परेको स्थानको नजिक पुग्यौं र हामीले आफ्ना जुत्ता, पाइन्ट र कमिज फुकालेर झोलाभित्र कोचौँ। ती झोलाहरूलाई टाउकोमा बाँधेर एकअर्काको हात दह्रो गरी समात्दै हामी धमिलो र उर्लिएको पानीमा होमियौँ। खोलाको बीचतिर पुग्दा पानीको बहाव यति तीव्र थियो कि हेर्दाहेर्दै देवलधारका एक साथी पल्टिए, उनको झोला पानीले निल्यो । तर, झोला समात्ने होस कसलाई हुनु ? सबैको ध्यान ज्यान जोगाउनमै थियो। त्यही मुस्लोको बीचमा मेरो ठूलोबाको छोरा दयाराम अचानक चिप्लियो । पानीको वेगले उसलाई क्षणभरमै गुटमुटायो । उसले पानीमा हातपाउ छटपटाउँदै गर्दा देखिएका ती 'पहेंला पैतला' को दृश्य सम्झँदा अहिले पनि मुटु काँप्छ । तत्कालै, किनार नजिकै पुगिसकेका लेखनाथले आफ्नो झोला हुत्याएर दयारामको खुट्टा समात्न सफल भए। दुवैजना केही मिटरसम्म बगे, तर मौकाले दुबै किनार लाग्न सफल भए। हामी सबै मिलेर उनीहरूलाई पानीबाट बाहिर तान्यौँ । दयारामको ज्यान बच्यो । देवालधारे साथीको सबैथोक खोलाले लग्यो। लाहुरे बुवाले ल्याइदिएको घडी र कपडा भएको झोला अब खोलाको भेलसँगै कता पुग्यो, पत्तो भएन । शरीरमा एउटा कट्टु मात्र बाँकी रहेका उनलाई हामीले आफूसँग भएका थप कपडा दिएर लाज ढाक्न मद्दत गऱ्यौँ । कपडा र घडी हराएकोमा भन्दा पनि एउटा साथीलाई मृत्युको मुखबाट फर्काउन सकेकोमा हामी सबैको मनमा एउटा अनौठो खुसी र सन्तोष थियो । जीवनको अर्को एउटा अविस्मरणीय मोड 'विराउनीको दह' मा आइपुग्यो । कक्षा ९ मा पढ्दा साथीहरूसँग कुश्मीसेरा घुम्न जाँदा निलो र गहिरो दहमा हामफाल्ने हिम्मत गरेँ। तर, पौडीमा उति अभ्यस्त नभएको म पानीको भुमरीमा फसेँ। जति हात पाउ चलाए पनि म भित्र-भित्रै भासिँदै गएँ । श्वास रोकिएर निलो भइसकेको मलाई मेरा मामा झलक शर्माले साहसी बनेर बचाउनुभयो। उहाँको त्यो सहयोगले मलाई एउटा ठूलो पाठ सिकायो– "सहारा तब मात्र काम लाग्छ, जब मान्छे आफैँले पनि बाँच्ने प्रयास गर्छ ।" पछि म आफैँ खोला तार्ने 'सहयोगी'बनेँ। लेकबाट झर्ने वृद्धवृद्धा र महिलाहरूलाई हात समातेर खोला तार्दा मैले एउटा कुरा महसुस गरेँ– जसले आफ्ना खुट्टा दरिलो गरी टेक्छन्, उनीहरू सजिलै पार हुन्छन् । तर, जो डरले बीचमै खुट्टा लल्याकलुलुक पार्छन्, उनीहरू आफैँ पनि पल्टिन्छन् र तार्नेलाई पनि सँगै लैजान्छन् । खोला र बाढीको यो भयावह शृङ्खला मेरो विद्यार्थी जीवनको उत्तरार्धसम्म पनि जारी नै रह्यो । पृथ्वीनारायण क्याम्पस, पोखरामा प्रमाणपत्रा तह पढ्दै गर्दा एकपटक साउनको झरीमा खल्ती रित्तियो । सहरमा खर्च सकिएपछि गाउँबाट रासन र पैसा ल्याउनुको विकल्प थिएन । आखिर, त्यो जोखिमपूर्ण यात्राको भारी मेरो काँधमा आइपऱ्यो । पोखराबाट नागडाँडा हुँदै ओरालो झरेपछि सेतीदोभानदेखि कार्किनेटा फेदीसम्मको यात्रामा 'आँधिखोला' सँग पटक-पटक सामाना गर्नुपर्थ्यो । धार्मिक मिथक अनुसार श्रवणकुमारले आफ्ना दृष्टिविहीन आमाबाबुलाई तीर्थ गराउन बोकेर हिँड्दा, उनका आँसुबाट यो खोला जन्मिएको हो भनिन्छ । तर, साउनको त्यो झरीमा आँधिखोला 'आँसु' जस्तो कोमल थिएन, बरु एउटा भयानक गर्जनसहित उर्लिरहेको थियो । सेतीदोभानमा केही चिनी, चियापत्ती र आवश्यक सामग्री झोलामा कोचेर म अघि बढेँ । आकाशबाट अविरल वर्षा बर्सिरहेको थियो । बीच बाटोमा बास बस्न खल्तीमा दाम थिएन, र नहिँडी भोलिपल्ट घर पुग्ने सामर्थ्य पनि थिएन । एउटा सामान्य प्लास्टिक किनेर टाउकोदेखि कम्मरसम्म ओढेँ र आँधिखोलाको जंघार खोज्दै पानीमा पसेँ । आँधिखोला, हाम्रो गाउँको 'ठूलो खोला' वा 'ठेउले खोला' जस्तो ठाडो र भिरालो त थिएन, तर यसको गहिराइ र चौडाइले मुटु कमाउँथ्यो । एउटा मोडमा खुट्टा चिप्लियो, म पानीमा पछारिएँ । धन्यै, खोला समथर बग्ने भएकाले म त बगिनँ, तर मेरो झोला र आङका लुगा लुछुप्पै भिजे । मसँग फेर्ने अर्को जोर लुगा थिएन । साउनको त्यो चिसो झरी, भिजेका लुगा र रित्तो पेट– कष्टको त्यो यात्रा वर्णन गर्न शब्दहरू कम पर्छन् । त्यही भिजेकै कपडामा दिनभरि हिँडिरहेँ । शरीरको तातोले बिस्तारै कपडा सुक्दै गए । कष्टका साथ कार्किनेटको उकालो, शंकरपोखरी र कालिगण्डकीको ओरालो छिचोल्दै जब भोलिपल्ट बिहान घर पुगेर तातो भातको गाँस मुखमा हालेँ, तब मलाई महसुस भयो– जीवन केवल बग्नु मात्र होइन, बरु विपरीत धारसँग लड्दै आफ्नो गन्तव्यसम्म पुग्ने साहस पनि रहेछ । आज फर्केर हेर्दा लाग्छ, म पानीसँग बग्न त जानेँ, तर समुद्रसम्म पुग्न सकिनँ। न त समुद्रको गहिराइमा पुगेर मोती नै टिप्न सकेँ। मेरो जीवन कहिले खहरेजस्तो उर्लियो त कहिले शान्त दहजस्तो मौन रह्यो। खोलाले मलाई सिकाएको सबैभन्दा ठूलो सत्य यही हो– जीवन बग्नुको नाम हो, र हरेक बहावमा एउटा नयाँ सैर्ष लुकेको हुन्छ ।

*-समकालीन साहित्य डटकम*

कथा — विमल सिटौला

# आमाको तस्वीर



त्यस बिहान कोठाको ढोका ढ्याप्प लागेको आवाजले सुमना ब्युँझिइन् । आँखा मिच्दै बिस्तारै उनले परिदृश्य नियालिन् । कोठाभित्र बत्ती झललल बलिरहेको थियो, तर कोठाबाहिर भने अझै घोर अँध्यारो नै थियो । भित्ते घडीमा बिहानको पाँच बजेको थियो । सडकमा मोटर गाडीका आवाजहरू कतै-कतै सुनिन थालेका थिए । कोठाको एक कुनामा पानी तताउने भाँडोबाट बाफ उडिरहेको थियो । ग्यास चुलोमाथि टक्क बसिरहेको चियाको भाँडोबाट पनि हल्का बाफ सनै सनै निस्किरहेको देखिन्थ्यो । सुमनाले हिजो आफूसँगै छेवैमा सुत्नुभएका आफ्ना बाबालाई छामछाम-छुमुछुम गरिन् । ओछ्यान खाली थियोह उनले थाहा पाइन्, बाबा काममा हिँडिसक्नुभएछ । सुमना आठ वर्षकी थिइन् । उनी भक्तपुरको एक सामुदायिक विद्यालयमा कक्षा ४ मा पढ्थिन् । उनको पढाइ मध्यम खालको भए पनि गुरुहरूको नजरमा उनी मिहिनेती र इमानदार छात्रा थिइन् । त्यसैले, उनलाई सबै गुरुगुरुमाहरूले निकै माया गर्नुहुन्थ्यो । काठमाडौँमा उनका बाबाले उनलाई कति धेरै सैर्ष गरेर हुर्काउनु र पढाउनुभएको थियो, त्यो कुरा सुमनाले पनि बुझेकी थिइन् । अरू दिन बिहानैदेखि बुबा सुकदेव काममा व्यस्त भए पनि शनिबारको दिन बाबा-छोरी सँगै हुन्थे । उनीहरू मीठा-मीठा कुराकानी गरेर शनिबार बिताउँथे । बिदाको दिन बाबाले घरको सरसफाइ गर्नुहुन्थ्यो र सुमनालाई गृहकार्य गर्न अह्राउनुहुन्थ्यो । तर, उहाँ आफैँले धेरै नपढेका कारण सुमनालाई सिकाउन भने सक्नुहुन्नथ्यो ।

सुमना आफूलाई जन्म दिने आमाका बारेमा पूर्ण रूपमा बेखबर थिइन् । उनले सानैदेखि आमालाई कहिल्यै देखेकी थिइनन्, न त आमाको अनुहार नै उनलाई याद थियो । कहिलेकाहीँ उनलाई आमाप्रति तीव्र जिज्ञासा जाग्थ्यो र बाबालाई सोध्ने गर्थिन्, "बाबा, ममी अब कहिल्यै पनि फर्किनुहुन्न हो ? तपाईंलाई त थाहा होला नि, उहाँ कहाँ हुनुहुन्छ ?" यी प्रश्नहरू सुन्नासाथ सुकदेव रिसले चुर हुन्थे र भन्थे, "नकरा भन्या ! अब किन चाहियो तँलाई ममी ? तँलाई यहाँ के कुराको कमी भएको छ र ?" त्यसको केही क्षणपछि उनी फेरि बाबालाई नम्र भएर सोध्थिन्, "अनि हामी मामाघरचाहिँ कहिले जाने त बाबा ? हजुरआमाले बाबालाई पनि सँगै लिएर आइज भन्नुभएको छ ।" यस प्रश्नमा उनका बाबाले छोटो प्रतिक्रिया दिँदै भन्नुहुन्थ्यो, "अब मन्थली जाँदा एकफेर जानुपर्छ छोरी ।" आफ्नै बाबासँग आमाका बारेमा थप सोध्ने आँट सुमनामा थिएन । उनलाई कहिले मामाघर गएर हजुरआमालाई सबै कुरा सोधौँ जस्तो भइरहन्थ्यो । पहिलो पटक मामाघर जाँदा उनी धेरै सानी थिइन् । आमाका बारेमा बुझ्ने जिज्ञासा नै पलाएको थिएन । आफ्नो मनमा खेलिरहने कुरा र जिज्ञासाहरू सुनाउन सुमनासँग कुनै नजिकको साथी थिएनन् । उनले आफ्नी आमा नभएको कुरा साथीहरू वा गुरुहरू कसैलाई पनि सुनाएकी थिइनन् । दिनहरू बित्दै जाँदा सुमनालाई बाबासँग आफ्नी आमाबारे धेरै कुरा सोध्न मन लाग्थ्यो, तर बाबाले प्रश्नको उत्तर नदिने, उल्टै रिसाउने र झर्किने गरेकाले उनी डराउँथिन् । अन्तत: उनी चुपचाप बस्न बाध्य भइन् । उनलाई जीवन जिउन सहज थिएन । कोठामा धेरै कुराहरूको अभाव थियो । उनका साथीहरूलाई स्कुलका लागि तयारी गरिदिने उनीहरूका आमाबुबा हुन्थे, तर उनले भने सबेरै उठेर आफ्ना सबै काम आफैँ गर्नुपर्थ्यो । पछिल्लो समय अरूका आमा देख्दा उनलाई लाग्थ्यो, "मेरी पनि आमा भइदिएकी भए म कति राम्री देखिन्थेँ होला...।" कहिलेकाहीँ स्कुल जाने बेलामा खाना पकाउँदा-पकाउँदै उनी रुन्थिन् । भाँडाकुँडा माझ्दा पनि उनका आँखा आँशुले भरिन्थे । तर, कसैले देख्ला कि भन्दै उनी मन दह्रो बनाएर आँशु पुछ्थिन् । यस्तो बेला उनी मामाघरकी हजुरआमालाई निकै सम्झन्थिन् । महिनाको अन्त्यतिर कोठामा प्राय: रासनपानी सकिन्थ्यो । बाबा ज्यामी काम गर्ने मजदुर भएकाले कहिले पैसा हुन्थ्यो, त कहिले हुँदैनथ्यो । चामल र तरकारी सकिएका बेला उनका बाबाले उनलाई चोकको काभ्रेली होटलमा गएर खानू भन्नुहुन्थ्यो । त्यसैले, महिनाको अन्तिमतिर सुमना प्राय: त्यही होटलमा खाना खाएर विद्यालय जान्थिन् । एक दिनको कुरा हो, कक्षामा गुरुआमाले 'बाबाबारे एक अनुच्छेद लेखेर देखाउनू' भन्नुभयो । बाबाका बारेमा कसरी लेख्ने भन्ने तरिका पनि उहाँले सिकाइदिनुभयो । सोही तरिका अपनाएर सबैभन्दा पहिले सुमनाले नै लेखेर देखाइन् । त्यसपछि अरू साथीहरूले क्रमश: देखाउँदै गए । सुमनाले राम्रा अक्षरमा बान्की मिलाएर लेखेकी थिइन् । गुरुआमाले उनको लेखन निकै मन पराएर स्याबासी दिनुभयो । गुरुआमाको प्रशंसाले सुमना निकै खुशी भइन् । तर, चौथो घन्टी लाग्नुअगाडि गुरुआमाले अर्को गृहकार्य दिएर जानुभयो: "यसरी नै आफ्नी आमाबारे एक अनुच्छेद लेख्नुहोस् र छेवैमा आमाको एउटा सानो तस्विर पनि बनाउनुहोस् ।" यो सुनेर सुमनामा चिन्ता बढ्यो । उनको अघिको खुशी धेरै बेर टिक्न पाएन । कक्षामा उनी आत्तिन थालिन् र उनको अनुहार रातोपिरो भयो । उनले त्यतिखेरै गुरुआमासँग भन्न पनि सकिनन- "म्याम, मैले मेरी आमालाई देखेकी छैन । म आमाका बारेमा के लेखूँ ? तस्बिर कसरी बनाऊँ ?" कक्षाकोठाका अरू सबै विद्यार्थीले 'हस् म्याम' भन्दै गृहकार्य स्वीकारे, तर उनले मनमनै, "हुन्न म्याम, म त सक्दिनँ, कत्ति पनि सक्दिनँ" भनिरहिन् । बिचरी सुमना ! उनको मनको यो आर्तनाद कसले बुझिदिने र ? घर पुगेपछि सुमना झन् चिन्तित बनिन् । उनले धेरै पटक आमाका बारेमा रित्तो पाना भर्ने प्रयास गरिन्, तर हरेक पटक उनका आँखा आँशुले भरिए । उनले त्यहाँ आमाको रूपरङ, कपाल, मनपर्ने कुरा, पढाइलेखाइ र इच्छा-चाहनाहरूका बारेमा लेख्नुपर्ने थियो । तर उनलाई आमाका यी यावत् कुराहरू थाहै थिएन । बाबा साँझपख घर आइपुग्नुभयो, तर उहाँसँग सोध्ने आँट सुमनामा आएन । उनले धेरै चोटि जन्म दिने आमाको प्रसङ्ग कोट्याउन त खोजिन्, तर दिनभरिको कामले लखतरान भएर आएका सुकदेव चुँइक्क नबोली ओछ्यानमा लडिरहे । त्यस रात उनी सोच्दा-सोच्दै गलेरै सुतिन् । भोलिपल्ट बिहान सबेरै बाबा काममा गइसकेपछि उनी ब्युँझिइन् । उठ्नेबित्तिकै उनी त्यही गृहकार्य पूरा गर्न जोडतोडले लागिन् । उनले आमाको तस्विर बनाउन खोजिन् । कोर्दै जाँदा तस्विरले एउटा आकार लियो, तर त्यो को जस्तो थियो, उनैलाई थाहा थिएन । उनको मनमा लाग्यो- "मेरी आमा पनि यस्तै अनुहारकी हुनुहुन्थ्यो होला ।" उनले तस्विरमा लामो कपाल बनाइदिइन्ह लुगामा रातो रङ पोतिन्ह खुट्टामा अग्ला-अग्ला स्यान्डल सजाइदिइन् । कानमा झुम्का र नाकमा फुली हालिदिइन् । हातमा एउटा गुलाबी रङको ब्याग बोकाइदिइन् । ओठमा लाली र कपालमा थोरै रातो रङको हाइलाइट थपिन् । क्रमश: उनले आफ्नो कल्पनाअनुसार अरू कुराहरू पनि थप्दै गइन् । बनिसकेको सो तस्विर हेरेर सुमना निकै भावुक भइन् । एक्कासि उनले त्यो तस्विरलाई आफ्नो छातीमा टाँसिन् । तस्विर छातीमा राख्दा-राख्दै आफैँलाई थाहा नपाई उनका आँखाबाट आँशुका धारा बग्न थाले । उनी एक्कासि आत्तिँदै चिच्याउन पुगिन्- "मामू ! मामू ! आउनुस् न मसँग । कता हुनुहुन्छ तपाईं ? म यहाँ एक्लै भएँ !" केही बेर उनी त्यस तस्विरसँग नाता गाँसेर बर्बराइरहिन् । उता समय घर्किसकेको थियो । हतार-हतार स्कुलको पोशाक लगाएर उनी पाठशालातिर दौडिइन् । त्यस दिन उनलाई भोकभन्दा पनि आमाको तस्विरले बढी सताइरहेको थियो । त्यो तस्विरले घरी उनलाई क्षणिक खुशी दिन्थ्यो, त घरी उनको छाती भतभती पोलेर आउँथ्यो । उनमा पीडाको कुनै सीमा थिएन । चौथो घन्टी लाग्यो । सीमा मिस कक्षामा आउनुभयो र गृहकार्य सोध्न थाल्नुभयो । उता सुमना भने असामान्य रूपमा उदास भएर चुपचाप बसिरहेकी थिइन् । अरू साथीहरू कसको तस्विर राम्रो भयो भन्दै बेन्चमा कापी निकालेर हेराहेर र तुलना गर्दै थिए । तर सुमनाले आफ्नो गृहकार्य झोलाबाट निकालेकी समेत थिइन । मिसले एक्कासि सुमनालाई हेर्दै भन्नुभयो- "लौ, सुमनाको हेरौँ त । हिजो त साह्रै राम्रो लेखेकी थियौ ।" सुमनाको नजिकै आएर उनको मलिन अनुहार देखेपछि अचम्म मान्दै मिसले थप्नुभयो– "किन रुन्चे अनुहार लगाएर बसेकी सुमना ? होमवर्क गरेनौ कि कसो आज ? ल ल, ठीकै छ, भोलिचाहिँ गरेर आउनू है ।" त्यत्तिकैमा पल्लो पङ्क्तिबाट एउटा छात्रले प्याच्च बोल्यो- "म्याम, सुमनाकी आमा त ऊ सानै छँदा पोइला गाको रे !" यो सुनेर सुमना एकाएक भक्कानिन पुगिन् । त्यो छात्रको कुरा सुनेपछि कक्षाकोठामा केही क्षण सन्नाटा छायो । गुरुआमाको अनुहार पनि अँध्यारो भयो । अन्त्यमा, उहाँले कुरा मोड्दै भन्नुभयो- "ल, भैगो, भैगो ।" त्यस दिनपछि सुमनाको मनभित्र आमाको त्यो कल्पित तस्विर कहिल्यै नमेटिने अमिट छाप बनेर टाँसिइरह्यो ।

*-साहित्यपोस्ट डटकम*

# अवैध लागूऔषध सहित फेरी १८ जना पक्राउ



**पाल्पा,** असार ३/देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित फेरी १८ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कास्की, सुनसरी, कैलाली, झापा, मकवानपुर, ललितपुर लगायतका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १८ जना पक्राउ गरिएको हो ।

प्रहरीले कास्कीको पोखरा महानगरपालिका-१४ कैलाश टोलबाट नियन्त्रित लागूऔषध डाईजेपाम २ सय ४३ एम्पुल, फेनारगन २ सय ३८ एम्पुल र बुप्रेनोर्फिन २ सय ३४ एम्पुल सहित सोही ठाउँ बस्ने ७३ वर्षीय अमर हमाललाई पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै सुनसरीको कोशी गाउँपालिका-१ लौकही भन्सार गेटबाट अवैध लागूऔषध ब्राउनसुगर सहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा इटहरी उपमहानगरपालिका-५ बस्ने ३० वर्षीय राजेश चौधरी, सोही उपमहानगरपालिका-७ बस्ने ३० वर्षीय बिरेन्द्र कुमार चौधरी, धरान उपमहानगरपालिका-५ डेरा गरी बस्ने मोरङ लेटाङ नगरपालिका-३ घर भएका २८ वर्षीय अभिशेक विक र २८ वर्षीय संजिप विक, मोरङ उर्लाबारी नगरपालिका-१ बस्ने १९ वर्षीय बिकाश राई, १९ वर्षीय निसान सरदार, मोरङ कटहरी गाउँपालिका-५ बस्ने १९ वर्षीय निरज राम र सुनसरी बर्जु गाउँपालिका-५ बस्ने ३३ वर्षीय जितेन यादव रहेका छन् । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले राजेश र बिरेन्द्रलाई ३ ग्राम ३ सय ६० मिलिग्राम, अभिशेक र संजिपलाई ९ ग्राम ८ सय २० मिलिग्राम, बिकाश र निसानलाई ५ सय ७० मिलिग्राम, निरजलाई १ ग्राम ७० मिलिग्राम र जितेनलाई ६ सय ८० मिलिग्राम उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यस्तै कैलालीको कैलारी गाउँपालिका-५ बड्की पलियाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ७० मिलिग्राम सहित सोही ठाउँ बस्ने २१ वर्षीय निराजन चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय हसुलियाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी कैलालीकै लम्कीचुहा नगरपालिका-८ मालभंगाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ६ सय ६० मिलिग्राम सहित सोही ठाउँ बस्ने १५ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै झापाको कनकाई नगरपालिका-५ र ६ को सिमानाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १ सय ७० मिलिग्राम सहित सोही नगरपालिका-९ घैलाडुब्बा बस्ने २६ वर्षीय पवन कुमार चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय सुरूङ्गाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी झापाकै भद्रपुर नगरपालिका-९ घोडामाराबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १० ग्राम ७ सय ७ मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा चितवन भरतपुर महानगरपालिका-१४ बस्ने २४ वर्षीया सोनी खाती र झापा मेचीनगर नगरपालिका-६ काँकरभिट्टा बस्ने ६० वर्षीया सिता राजवंशी रहेका छन् । जिल्ला प्रहरी कार्यालय झापा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै मकवानपुरको हेटौंडा उपमहानगरपालिका-४ कमलडाँडाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ४० मिलिग्राम सहित सोही उपमहानगरपालिका-९ बस्ने ३३ वर्षीय अविनय खतिवडालाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय हेटौंडाबाट खटिएको प्रहरीले कलमडाँडाबाट लामसुरेतर्फ जाँदै गरेको ना.२ ह ३५७० नम्बरको अटोलाई जाँच गर्दा उक्त पदार्थ फेला पारी चालक अविनयलाई पक्राउ गरेको हो । उता ललितपुरको गोदावरी नगरपालिका-११ शेराफाँटबाट अवैध लागूऔषध गाँजा करिब १ किलो २ सय ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ललितपुर महानगरपालिका-२६ ढोललाहिटी बस्ने ओखलढुंगा घर भएका ३२ वर्षीय मिलन सापकोटा र बागलुङ घर भएका २८ वर्षीय मनिष पुन रहेका छन् । प्रहरी वृत्त चापागाउँबाट खटिएको प्रहरीले प्रदेश ३-०२-०१२ प ७४४६ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । यस्तै कास्कीको पोखरा महानगरपालिका-३२ मजुवाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ १ किलो १ सय ८५ ग्राम सहित सोही महानगरपालिका-६ जरेबर बस्ने तनहुँ घर भएका २१ वर्षीय संगम गुरूङलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय शिशुवाबाट खटिएको प्रहरीले तनहुँबाट पोखरातर्फ आउँदै गरेको ग.८ प ४८४८ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## निजी लगानीमा क्रिकेट...

...यसले खेलकुदसँगै पर्यटन तथा स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । लगानीकर्ता पक्षले मैदानसम्म पुग्ने सडक, विद्युत् र अन्य आधारभूत पूर्वाधार निर्माणमा सरकारको सहयोग आवश्यक रहेको बताएका छन् । उनीहरूले रङ्गशाला निर्माणका लागि सरकारी आर्थिक सहयोग नचाहिए पनि पहुँचमार्ग र सार्वजनिक पूर्वाधार विकासमा राज्यको भूमिका आवश्यक रहेको धारणा राखेका छन् । यता, भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालालाई अन्तरराष्ट्रियस्तरमा स्तरोन्नति गर्ने योजना भने लामो समयदेखि अलपत्र छ । विसं २०६८ मा सुरु गरिएको उक्त परियोजनाको हालसम्म करिब १६ प्रतिशतमात्रै काम सम्पन्न भएको जनाइएको छ । रुपन्देही क्रिकेट सैका अध्यक्ष हरिबहादुर थापाका अनुसार पर्याप्त बजेट विनियोजन नहुनु र बहुवर्षीय योजनाअन्तर्गत कार्यान्वयन नगरिनु परियोजना सुस्त हुनुका मुख्य कारण हुन् । हालसम्म करिब रु १२ करोड खर्च भए पनि रङ्गशालाका अधिकांश संरचना निर्माण हुन बाँकी छन् । डिपिआरअनुसार प्रारम्भिक लागत रु ३८ करोड अनुमान गरिएको भए पनि समयसँगै निर्माण लागत बढेकाले अहिले रङ्गशाला सम्पन्न गर्न रु ७० करोडभन्दा बढी आवश्यक पर्ने अनुमान गरिएको छ । खेलकुद क्षेत्रका सरोकारवालाले क्रिकेटप्रति बढ्दो आकर्षणलाई ध्यानमा राख्दै सरकारी रङ्गशाला निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । उनीहरूका अनुसार निजी क्षेत्रले देखाएको उत्साह र लगानीले रुपन्देहीलाई क्रिकेटको केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुऱ्याएको छ भने सरकारी परियोजनाले पनि सोही गतिमा अघि बढ्न आवश्यक छ । *-रासस*

**खेलकुद समाचार**

## विश्वकपमा मेस्सीको ऐतिहासिक रात



**काठमाडौं,** असार ३/लियोनेल मेस्सीले विश्व फुटबलमा अर्को ऐतिहासिक उपलब्धि थप्दै आफ्नो छैटौं विश्वकप सहभागितालाई अविस्मरणीय बनाएका छन् । कप्तान मेस्सीको ह्याट्रिक प्रेरित प्रदर्शनमा साविक विजेता अर्जेन्टिनाले विश्वकप उपाधि रक्षा अभियान विजयी सुरुआत गर्दा उनि विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता पनि बनेका छन् । कन्सास सिटीस्थित ६९ हजार ४५ दर्शक क्षमता भएको एरोहेड स्टेडियममा मंगलबार भएको खेलमा ३८ वर्षीय मेस्सीले तीन गोल गर्दै आफ्नो विश्वकप गोल सङ्ख्या १६ पुऱ्याए । यससँगै उनले जर्मनीका पूर्व स्ट्राइकर मिरोस्लाभ क्लोसको सर्वाधिक १६ गोलको कीर्तिमान बराबरी गरेका छन् । मेस्सीका लागि यो खेल अर्को कारणले पनि विशेष रह्यो । उनले आफ्नो करियरको २००औँ अन्तर्राष्ट्रिय खेल खेल्दै विश्वकपका छ संस्करणमा सहभागिता जनाउने पहिलो फुटबलरको इतिहास रचे । सन् २००६ मा जर्मनीमा किशोर खेलाडीका रूपमा पहिलो विश्वकप खेलेका मेस्सीले दुई दशक लामो यात्रामा अर्को ऐतिहासिक अध्याय थपेका हुन् । ग्रुप 'जे' अन्तर्गत भएको खेलमा अर्जेन्टिनाले सुरुदेखि नै पकड जमाएको थियो । मेस्सीले १७औँ मिनेटमा सुन्दर कर्लिङ प्रहारमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए । त्यो गोलसँगै उनको विश्वकप गोल सङ्ख्या १४ पुगेको थियो, जसले उनलाई जर्मनीका गर्ड मुलर र फ्रान्सका किलियन एमबाप्पेको बराबरीमा पुऱ्यायो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

**अर्थ/कर्पोरेट समाचार**

## नेप्से झिनो अङ्कले वृद्धि



**पाल्पा,** असार ३/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो अङ्कले उकालो लागेको छ । लगातार ४ दिन ओरालो लागेको सेयर बजार बुधबार केही सम्हालिएको हो ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शुन्य दशमलव शुन्य आठ अङ्कले उकालो लागेर दुई हजार सात सय पाँच दशमलव ५३ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शुन्य दशमलव २० अङ्कले घटेर चार सय ६४ दशमलव ४३ मा सिमित भएको छ । कुल ३५२ कम्पनीको ८३ लाख ७५ हजार ४७१ कित्ता शेयर रु तीन अर्ब ६३ करोड ७५ लाख ८९ हजार १० मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा एनआरएन इन्फास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड शीर्ष स्थानमा छ । यस्तै, रिलायन्स स्पिनिङ मिल्स, बुङ्गल हाइड्रो, सेन्ट्रल फाइनान्स, आँखु खोला जलविद्युत् कम्पनी शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार सोपान फर्मासिटिकल्स, अपोलो हाइड्रोपावर, बुङ्गल हाइड्रो, त्रिशूली जलविद्युत् कम्पनी, एबिएल डिवेञ्चरका लगानीकर्ताले कमाएका छन् ।

एनएमबी डिवेञ्चर, प्राइम डिवेञ्च, एबिएस डिवेञ्चर, डोल्टी पावर कम्पनी र लक्ष्मी उन्नति कोषका लगानीकर्ताले भने गुमाएका छन् । सरकारले आगामी आर्थिक वर्षको बजेट घोषणा गरेपछिका अधिकांश कारोबार दिनमा नेप्से घटेको छ । त्यसयता १३ दिन सेयर बजार खुलेको छ । जसमा ९ दिन नेप्से घटेको छ भने ३ दिन मात्र बढेको छ । बुधबार भने नेप्से स्थिर रह्यो । बजेट घोषणाअघि नेप्से २ हजार ७ सय ८२ अंकमा रहेको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई